मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रममा सहभागी हुने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/५/२१

सुचना नम्बर :५/०८०/०८१ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ को स्वीकृत कृषि विकास कार्यक्रम अनुसार देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि इच्छुक मापदण्ड पुगेका कृषक/ कृषक समूह/कृषि सहकारी/ कृषि फर्महरु आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन मिति २०८०/६/१० गते कार्यालय समय भित्र मेलम्ची नगरपालिका कृषि विकास शाखामा वा कृषि विकास शाखाको वेवसाइट https://www.melamchikrishi.gov.np/ मा गई आयोजना/कार्यक्रम माग आवेदन फारम मा क्लिक गरी अनलाइन आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै अनुदानको मलको भरपाई बुक नं नभएका आवेदनहरु छनोट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत अनुरोध छ।

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन गरिने क्रियाकलाप | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | कृषि यान्त्रिकरण | मिनिटिलर, मल्ट्रिक्रप, थ्रेसर र ब्याट्रि स्प्रेयर/न्यापस्याक स्प्रेयर (सुरक्षित पहिरहन सहित) वितरण गर्ने। | ५० |
| २ | भकारो सुधार कार्यक्रम | ५० प्रतिशत लागत साझेदारीमा भकारो सुधार र मुत्र संकलनको लागी खाडल निर्माण गर्ने। | ५० |
| ३ | कृषि व्यवसाय प्रवर्धन कार्यक्रम | फलामको फ्रेम थोपा सिचाइ सेट सहितको टनेल, टनेलको प्लाष्टिक, फलफूल बगैचा स्थापना तथा अन्य कृषकको माग अनुसारको क्रियाकलाप सञ्चालन गर्ने। | ५० |
| | | प्लाष्टिक मल्चिङ, तरकारीको बीउ वितरण गर्ने। | ७५ |
| ४ | बाली बिकास तथा रैथाने बाली प्रवधन कार्यक्रम | धान, मकै र गहुँको उन्नत बीउ वितरण गर्ने। | ५० |
| | | धान, मकै र गहुँको मूल/श्रोत बीउ र भण्डारणको लागी हर्मेटिङ ब्याग वितरण गर्ने। | ७५ |
| ५ | पोषण सुधार कार्यक्रम | थोपा सिचाइ सेट, तरकारी मिनिकिट वितरण गर्ने। | ७५ |
| ६ | माटो सुधार कार्यक्रम | शिविर सञ्चालन तथा कृषि चुन वितरण गर्ने। | १०० |
| | | सुक्ष्मखाध्य तत्व वितरण गर्ने। | ५० |
| ७ | आलु प्रवर्धन कार्यक्रम | पि.वि.एस आलुको दाना वितरण गर्ने। | १०० |
| | | बीउको आलु वितरण गर्ने। | ७५ |
| ८ | मौरी प्रवर्धन कार्यक्रम | मौरीखालीघार तथा मौरीपालन उपकरण वितरण गर्ने। | ५० |
| ९ | च्याउ प्रवर्धन कार्यक्रम | च्याउको विउ (कन्ये र सिताके) उत्पादन सामाग्री (मैन,एल डि प्लाष्टिक) तथा लागत साझेदारीमा डुम घर निर्माण गर्ने। | ५० |

फोन नं. ०११ ४०११४१, ०११ ४०११४३, ०११ ४०१०६९ वेबसाइट www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com

मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल


## आवश्यक कागजातहरु

- तोकिएको ढाँचामा निवेदन (अनुसूची -२)
- नगरपालिकाले वितरण गरेको अनुदानको मलको भरपाई बुकको फोटो भएको पानाको प्रतिलिपी (संस्थाको हकमा सहभागी कृषकहरु सबैको)।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- संस्था दर्ता प्रमाणपत्र, करचुक्ता,सञ्चालक समितीको कार्यक्रम माग गर्ने र लागत साझदारी गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपी ।(संस्थाको हकमा मात्र)।
- भुमिकर तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपी (सहकारी/समूहको हकमा संचालक समितिको पदाधिकारीहरु सबैको)।
- पशु सेवा शाखामा सुचिकृत प्रमाणपत्रको प्रतिलिपी ( कृषि फर्महरुको हकमा मात्र)।
- खाद्यान्न बालीको उन्नत तथा मूल/श्रोत बीउ र मिनिटिलर मल्टिक्रप थ्रेसर हकमा कृषक समूह / कृषि सहकारी/ कृषि फर्महरुले मात्र आवेदन दिन पाइनेछ।
- भकारो सुधारको लागी कल्टर तथा ब्यवसायीकरुपमा तरकारी तथा फलफूल खेती गरेको हुनुपर्नेछ।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट www.melamchimun.gov.np मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखा, एकिकृत सेवा केन्द्र पिप्लेमा सम्पर्क राख्नुहुन वा ०११४०१०८९ सम्पर्क गर्न सक्नुहुनेछ साथै अनुसुची -२ मेलम्ची नगरपालिकाको वेसाइट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

२०८०/५/२१

.............................

निमेष मिश्र

प्रमुख प्रशासकीय अधिकृत


फोन नं: ०११-४०११४१, ०११-४०११४२, ०११-४०१०८९ वेबसाइट www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com

कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७८

अनुसुची-२

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मेलम्ची नगरपालिका, मेलम्ची, सिन्धुपाल्चोक

बिषय : कृषि विकास कार्यक्रममा सहभागी गराइदिने बारे ।

महोदय

प्रस्तुत विषयमा मेलम्ची नगरपालिकाको मिती २०८०/०५/२१ गते प्रकाशित सूचना अनुसार म/हाम्रो यस श्री ..................... ........................... कृषक समुह/कृषि सहकारी/कृषि फर्म, मे.न.पा. वडा नं.........., लाई तपशिलमा उल्लेखित कार्यक्रममा सहभागि गराइदिनुहुन अनुरोध छ ।

| क्र. स | कार्यक्रमको नाम | सामाग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संलग्न कागजातहरु

- तोकिएको ढाँचामा निवेदन ।
- अनुदानको मल भर्पाइ बुकको फोटो भएको पनाको प्रतिलिपी (संस्थाको हकमा सहभागी कृषकहरु सबैको) ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- संस्था दर्ता प्रमाणपत्र, करचुक्ता,सञ्चालक समितीको कार्यक्रम माग गर्ने र लागत साझदारी गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपी ।
- भुमिकर तथा सम्पती कर तिरेको रसिदको प्रतिलिपि (सहकारीको हकमा सञ्चालक समिति सबै पदाधिकारीहरुको) ।
- पशुसेवा शाखामा सुचिकृत प्रमाणपत्रको प्रतिलिपी ।

निवेदक
दस्तखत :
नाम : श्री ................................
पद : ....................................
रासायनिक मलको कार्ड नं .........................
फोन नं :..............................
ठेगाना :................................
संस्थाको छाप :

वडा कार्यालयको सिफारिस
दस्तखत :
मिती :..............................
नामः–श्री ...........................
पद :................................
मे
लम्ची नगरपालिका वडा नं
छापः

प्रमुख प्रशासकीय अधिकृत